# बीमा क्षेत्रका लागि जारी सदाचार नीति, २०७९

स्वीकृत मितिः २०७९/१०/१२

## १. भुमिका

बीमा क्षेत्रको नियमनकारी निकायको रुपमा नेपाल बीमा प्राधिकरणको स्थापना गरिएकोले आफ्नो नियमन क्षेत्रमा हुने व्यवसायिक आर्थिक तथा व्यवस्थापकीय कार्यमा अनियमितता एवम् भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सदाचारयुक्त, नैतिकतापूर्ण, सुसंस्कृत र स्वस्थ व्यवसायिक सेवा प्रवाह गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

प्राधिकरणले बीमा क्षेत्रका लागि जारी गरेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्ययोजना (२०७६-८१) अन्तर्गत बीमा व्यवसायका क्षेत्रका हुन सक्ने अपारदर्शिता, भ्रष्टाचारजन्य कार्य, अनियमितता, ढिलासुस्ती, लापरवाही, गलत नियत वा अनियमित तथा यस्तै अन्य विविध विकृति र विसंगतीको निराकारणका लागि व्यवसायिक निष्ठा र ईमान्दारीताको संस्कृति स्वघोषित रूपमा विकास गर्नुपर्ने अपरिहार्यता रहेको छ ।

बीमा व्यवसायमा सदाचार पद्दतीको विकासमा नीजि र संस्थागत क्षेत्रको महत्वपूर्ण जिम्मेवारी र भूमिका रहने भएकोले सबैका लागि साझा नैतिक दायित्व र व्यवसायिक निष्ठा सार्वजनिक गरी पारदर्शी रूपमा कार्यान्वयनमा ल्याउन र संवद्ध निकायबाट लागू गरिएका व्यवसायिक आचारसंहिता तथा आचरणका नियमहरूमा एकरूपता कायम गर्न यो सदाचार नीति लागू गरिएको छ ।

## २. दीर्घकालीन सोच (Mission)

बीमा व्यवसायका सबै क्षेत्रमा सदाचारिता कायम गर्दै सुशासनको प्रर्वद्धन गर्ने ।

## ३. लक्ष्य (Vision)

३.१ सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्ने ।

३.२ सदाचारितालाई बीमा व्यवसाय सञ्चालनको अभिन्न अङ्ग बनाउने ।

## ४. उद्देश्य (Objectives)

४.१ संस्थागत सुशासनलाई संस्कृतिको रूपमा विकास गर्ने ।

४.२ सदाचारका मुलभूत मान्यताका आधारमा बीमा व्यवसाय सञ्चालन गर्ने ।

४.३ बीमा व्यवसायका प्रत्येक क्रियाकलापमा सदाचार पद्धतिको विकास र प्रर्वद्धन गर्ने ।

४.४ बीमा व्यवसायमा संलग्न प्रत्येक व्यक्तिमा आत्म अनुशासनको भाव विकास गर्ने ।

## ५. नीति (Policy):

५.१ राष्ट्रियस्तरमा नेपाल सरकारले निर्धारण गर्ने सदाचार पद्धतिका मुलभूत मान्यता र नियमहरुको कार्यान्वयनमा सहयोग पु-याउने ।

५.२ बीमा क्षेत्रमा रहने संस्थागत, तहगत र पदगत सदाचारका नियमहरुको निर्धारिण गर्ने,

५.३ निर्धारण गरिएका सदाचारका नियमहरुको परिपालना गर्ने ।

५.४ बीमा व्यवसायको क्षेत्रमा सदाचार नीतिको कार्यान्वयनको अनुगमन तथा नियमनको पद्धति निर्धारण गर्ने ।

## ६. रणनीति (Strategy): सदाचार पद्धतिका मुलभूत मूल्य मान्यता र नियमहरुको निर्धारण

६.१. सदाचार पद्धतिका मुलभूत मूल्य मान्यताहरु देहाय बमोजिम हुने छन्ः-

- क. वैधानिकता: प्रचलित कानून बमोजिम संस्थाको स्थापना, पदाधिकारीहरुको नियुक्ति र कार्य सञ्चालन भएको हुनुपर्ने,
- ख. सेवाभाव: सबै बीमकको मूलमन्त्र बीमित र सेवाग्राहीको सेवा गर्ने हुनुपर्ने,
- ग. निष्पक्षता: कसै उपर पनि अवाञ्छित रूपमा पक्षपात पूर्ण व्यवहार गर्न नहुने ।
- घ. स्वच्छता: निर्णय, कार्य, सेवा प्रवाह र व्यवहारमा स्वच्छता हुनुपर्ने,
- ङ. स्वार्थरहितता: पदाधिकारी तथा कर्मचारीले आफू, आफ्नो परिवारको सदस्य वा आफन्त र अन्य किसिमको सम्वन्धको स्वार्थमा आफ्नो पदको दुरुपयोग गर्न नहुने,
- च. इमान्दारीता: पद र जिम्मेवारी अनुसारको कार्य सम्पादन र व्यवहारमा इमान्दार हुनुपर्ने,
- छ. सदाचार: साधन स्रोतको कानूनसंगत प्रयोग र कानून बमोजिम वाहेक काम गरे बापत वा नगरे बापत कसैबाट कुनै लाभ लिन नहुने,
- ज. कार्यकुशलता: साधन स्रोतको समुचित र मितव्ययी प्रयोग गरी अधिकतम् प्रतिफल प्राप्त गर्ने,
- झ. पारदर्शिता: नियमन कार्य र व्यवहारमा खुलापन हुनुपर्ने,
- ञ. जिम्मेवारीता: संस्थागत र पदीय हैसियतले आफ्नो जिम्मेवारी अनुरुप कार्य गर्नुपर्ने,
- ट. उत्तरदायित्व: आफूले गरेको निर्णय र कार्य प्रति आफैले उत्तरदायित्व लिनु पर्ने,
- ठ. समानता र समता: निर्णय र कार्य गर्दा सबैप्रति समान रूपमा भेदभाव नहुने गरी कार्य गर्नु पर्ने,

  तर, समाजमा रहेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्था वा अन्य शारीरिक अवस्थाले अस्वस्थ व्यक्ति, बालबालिका लगायतलाई हुने सेवा प्रवाहमा विशेष प्रार्थमिकता दिनु पर्ने,
- ड. आदर: आफूले सेवा पुर्याउनु पर्ने नागरिक प्रति सदैव आदरपूर्वक व्यवहार गर्ने,
- ढ. नेतृत्व: संस्था वा कामको नेतृत्व गर्नेले आफू उदाहरणीय भई कार्य गर्ने,
- ण. मानव अधिकार: मानव अधिकारको सम्मान गर्नुपर्ने दायित्वप्रति सजग रही कार्य गर्ने,
- त. न्यायीक मनको प्रयोग: कार्य गर्दा वा सेवा प्रवाह गर्दा प्रत्येक व्यक्तिले न्याय पाएको अनुभूति हुने गरी कार्य गर्ने,
- थ. कार्यविधि निर्धारण र समयको परिपालना: निर्धारित कार्यविधि पालना गरी तोकिएको समयमै कार्य सम्पन्न गर्ने ।

६.२. बीमा क्षेत्रमा काम गर्ने जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीहरुको व्यवसायिक निष्ठा र व्यवहार देहाय बमोजिम हुनेछः-

- क. देशको संविधान, कानून र पेशागत मूल्य मान्यताको पालना गर्ने,
- ख. आफ्नो पेशामा प्रवेश गर्दा लिएको सपथको पालना गर्ने,

ग. सेवानै धर्म हो भन्ने मुल मन्त्रको अवलम्बन गर्ने,

घ. समयमा निर्णय र कार्य गर्ने,

ङ. आफूले गरेका निर्णय र कार्य पद्धतिमा पारदर्शिता अपनाउने,

च. आफूले गरेका निर्णय र कार्यहरुको जवाफदेहीता आफूले लिने,

छ. साधन स्रोतहरुको सही र इमानदारीपूर्वक अधिकतम् उपभोग गर्ने साथै आफ्नो व्यक्तिगत हितको लागि प्रयोय नगर्ने,

ज. पदीय र व्यक्तिगत रुपमा सदाचारयुक्त व्यवहार गर्ने,

झ. हित वा स्वार्थ वाझिएको कुराको अग्रीम र लिखित खुलासा गर्ने र त्यस्तो विषयमा आफू संलग्न नरहने,

ञ. इमान्दारी, तटस्थता, असल चालचलन, उच्च नैतिकता जस्ता व्यवहार प्रदर्शन गर्ने,

ट. आफ्नो तालुक पदाधिकारी वा कर्मचारीसँग आदर पूर्वक व्यवहार र आफू मातहतकाहरु सँग शिष्ट व्यवहार गर्ने ।

६.३. बीमा व्यवसायमा जिम्मेवारी पाएका पदाधिकारीहरुले पालना गर्नुपर्ने सदाचारका नियमहरु:-

क. बीमकमा नियुक्त हुने पदाधिकारी तथा कर्मचारीहरुले आफ्नो तथा आफ्ना सगोलका परिवारका सदस्यको आय, सम्पत्ति, दायित्व, कारोवार, बाहिरी पद स्वीकार गरेको भए सो सम्बन्धी सम्झौता बारेको विवरण आफ्नो कार्यालयमा पेश गर्नु पर्ने,

ख. यस्तो विवरण पदभार ग्रहण गरेको तीस दिनभित्र र प्रत्येक वर्ष आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र बुझाउनु पर्नेछ,

ग. यस्तो विवरण तोकिएको समय भन्दा ढिलो बुझाएमा निश्चित रकम विलम्ब शुल्क तिर्नु पर्ने,

घ. राष्ट्रको हित प्रर्वद्धन हुने गरी बीमा व्यवसाय सञ्चालन गर्ने,

ङ. बीमा व्यवसाय गर्दा सार्वजनिक हितको संरक्षण र सर्म्बद्धनमा विशेष ध्यान दिने,

च. सदाचार, सार्वजनिक मुल्य र मान्यतामा आँच आउने कार्य नगर्ने,

छ. व्यवसायिक स्वस्थ प्रतिस्पर्धमा विश्वास गर्ने, उपभोक्तालाई गुणस्तरीय उत्पादन र सेवामा अधिकतम छनोटको अवसर दिने,

ज. एकाधिकारको व्यवसाय र नियन्त्रित आपूर्ति प्रणाली (Syndicate/Cartel) मा संलग्न नहुने,

झ. व्यवसायिक विवाद भएमा आपसी छलफलद्वारा कानून सम्मत र शान्तिपूर्ण तरिकाले विवादको निरुपण गर्ने,

ञ. व्यवसायिक पारदर्शितालाई बढावा दिने,

ट. वातावरण संरक्षण र सरसफाइमा विशेष संवेदनशील हुने,

ठ. व्यवसायिक कारोवारमा प्रत्यक्ष असर पर्ने वा व्यक्तिगत फाइदाको हेतुले राजनीतिक दल वा दलका नेतालाई चन्दा /आर्थिक सहयोग नदिने,

ड. नियामक निकायहरुद्वारा जारी व्यवसायिक आचार संहिता पालना गर्ने गराउने,

ढ. संगठित संघ संस्थाको सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) को अवधारणा अनुरुप सामाजिक कार्यहरू सञ्चालन गर्ने,

ण. आफू वा आफू सम्वद्ध संघ संस्थाको स्वार्थपूर्तिको लागि अनुचत प्रभाव पार्न दवाव दिन नहुने र आर्थिक प्रलोभनमा पर्न /पार्न नहुने,

त. आफू वा आफूसँग सम्वन्धित व्यवसायको स्वार्थ गाँसिएको विषय सम्बन्धी निर्णयमा सामिल हुन नहुने,

थ. बीमकका पदाधिकारी तथा कर्मचारीहरूका लागि संस्थागत निष्ठा र व्यवसायिक नैतिकता सहितको आचार संहिता बनाई कार्यान्वयनमा ल्याउनु पर्ने,

द. संस्थाको बार्षिक बजेट, व्यवसायिक नीति, योजना र कार्यक्रम बीमकको केन्द्रीय कार्यकारीणीबाट अनुमोदन भएपछि मात्र कार्यान्वयनमा ल्याउनुपर्ने,

ध. बीमकको कार्य सम्पादनका लागि आवश्यक पर्ने जनशक्तिको पदपूर्ति गर्दा समानता एवम् समावेशिताको सिद्धान्त अनुरुप हुने गरी पारदर्शी तवरबाट गर्नु पर्ने,

न. बीमक तथा सम्वद्ध व्यवसायले दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन तथा नियमन सम्वन्धी तोकिएका मापदण्डमा तल माथि गरी व्यवसाय सञ्चालन गर्न नहुने,

प. बीमा व्यवसायबाट उठेको बीमाशुल्क लगायतका आम्दानीहरु बीमक, बीमित तथा लगानीकर्ताको हितमा परिचालन गर्नु पर्ने,

फ. साधन स्रोतको कानून संगत प्रयोग गर्दा र तोकिएको काम गरिदिए वापत कानून बमोजिम बाहेक कसैबाट कुनै वस्तु वा नगद लिई काम गर्न नहुने,

ब. कानून बमोजिम खडा गर्नुपर्ने जगेडा कोषहरु रित्तिने गरी अन्यत्र परिचालन वा प्रवाह गर्न नहुने,

भ. बीमकका पदाधिकारी तथा कर्मचारीहरुले इमान्दारीता, उत्तरदायित्व, शुद्धता रचनात्मकता र सहयोगी भावनाका साथ नैतिक व्यवहारमा आँच पुग्ने गरी कार्य गर्न नहुने,

म. बीमकले आफ्नो कार्य सम्पादनका लागि आन्तरिक कार्यविधि निर्धारण तथा सार्वजनिक गरी लागू गर्नु पर्ने,

य. बीमकले प्रवाह गर्ने सेवाको विधि, प्रकृया तथा जिम्मेवार पदाधिकारीका बारेमा वडापत्र तयार गरी बीमकको कार्यालयमा सबैले देखे स्थानमा राख्नु पर्ने,

र. बीमकको लेखापरीक्षण कार्य एउटै परीक्षकले लगातार तीन वर्ष भन्दा बढी गर्न गराउन नपाउने,

ल. ग्राहक पहिचान तथा कारोबार सम्बन्धी विवरण आद्यावाधिक राख्ने,

व. बीमा कारोबारको क्रममा तयार गरिएका प्रतिवेदन तथा अभिलेखको गोपनीयता कायम गर्ने ।

**७ कानूनी व्यवस्थाः**

(१) यस नीति अन्तर्गत निर्दिष्ट प्रावधानको कार्यान्वयनका लागि बीमकले आचार संहिता सम्बन्धी नियमहरु बनाइ लागू गर्नु पर्नेछ ।

(२) बीमकले आफू अन्तर्गत लागू हुने गरी बनाएका आचार संहिता सम्बन्धी नियमहरु आफ्नो वेवसाइटमा अनिवार्य रुपमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) बीमा व्यवसायको क्षेत्रमा सदाचारको विषय हेर्ने व्यवस्था गर्नु पर्नेछ ।

**८ कार्यान्वयन सम्बन्धी व्यवस्थाः**

(१) बीमकले आफ्नो संस्थामा सदाचार पद्धतिको कार्यान्वयनको सहजीकरणको लागि सदाचार हेर्ने अधिकारी तोक्नु पर्नेछ ।

(२) उक्त अधिकारी मार्फत सम्बद्ध सबैलाई सदाचारका नियमहरुको बारेमा शिक्षा तथा जानकारी दिने पद्धतिको विकास गर्नु पर्नेछ ।

(३) सदाचार नीतिको कार्यान्वयन अवस्थाका बारेमा उक्त अधिकारीले नियमित रुपमा बीमकका प्रमुख कार्यकारी अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने। सो प्रतिवेदन वेवसाइट मार्फत सार्वजनिक गर्ने र प्राधिकरणमा अनिवार्य रूपमा पठाउनु पर्ने व्यवस्था गर्नु पर्नेछ ।

**९. विविधः** सदाचारका नियमहरुको प्रभावकारी कार्यान्वयनको लागि अन्य कुराका अतिरिक्त देहायको व्यवस्था मिलाउनेः-

(१) बीमा कारोवारका शर्तहरूमा सदाचारका मूल्यहरुलाई आवद्ध (Aligning) गर्ने ।

(२) बीमा क्षेत्रका उच्च पदाधिकारीले सदाचारका नियमहरुको पालनामा उदाहरणीय बन्ने परिपाटीको विकास गर्न सदाचारका नियमहरुका बारेमा बीमा क्षेत्रमा व्यापक रुपमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(३) नागरिकको हित र सुबिधालाई ध्यानमा राखि सार्वजनिक कामको प्रबन्ध, सेवाको उत्पादन र वितरणमा ध्यान दिने ।

(४) प्रवाह गरिने बीमा सेवाको गुणस्तर उपयुक्त हुने गरी व्यवस्था गर्ने । समाजको तल्लो तह सम्म प्रवाह हुने सेवाको गुणस्तर मापन गर्ने व्यवस्था मिलाउने ।

(५) सेवा प्रवाह गर्ने संयन्त्रलाई सेवाग्राहीप्रति उत्तरदायी हुने स्पष्ट व्यवस्था गर्ने ।

(६) सेवा प्रवाहका कार्यलाई पारदर्शी बनाई सेवाको उत्पादन र वितरणमा सेवाग्राहीको सहभागीता हुने व्यवस्था गर्ने ।

(७) बीमा सेवामा सेवाग्राहीको अधिकार र सेवा प्रदायकको कर्तव्यको रूपमा देखिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने ।

(८) बीमा क्षेत्रको क्रियाकलाप बारे आवधिक प्रतिवेदन र प्रभावकारी अनुगमनको व्यवस्था गरी त्यसको कार्यान्वयनमा प्रभावकारीता ल्याउने प्रवन्ध मिलाउने ।

**१०. नीतिको समीक्षा र परिमार्जन सम्बन्धी व्यवस्थाः-**

(१) यस नीतिको कार्यान्वयनको सम्बन्धमा वार्षिक रुपमा प्राधिकरणले समीक्षा गर्नेछ ।

(२) यस नीतिमा राष्ट्रिय सदाचार नीतिसँग सामञ्जस्य हुने गरी प्राधिकरणले समय सापेक्ष परिमार्जन गर्नेछ ।

**११. सदाचार नीतिको प्रयोगः**

(१) यस नीतिको प्रयोग प्राधिकरण, प्राधिकरणका सञ्चालक सदस्य र कर्मचारीहरु, बीमक, बीमकका पदाधिकारी, बीमा सर्भेयर, अभिकर्ता तथा कर्मचारीहरुमा लागू हुनेछ ।

(२) बीमक तथा बीमा व्यवसायसंग सम्बद्ध निकायहरूहरुले यो नीतिसँग सान्दर्भिक हुने गरी सदाचारका नियमहरु बनाई लागू गर्नु पर्नेछ ।

(३) यो नीति लागू हुनु भन्दा पहिले बीमकहरुले बनाई लागू गरेका आचार संहिताहरु यसै नीतिसँग सामञ्जस्य हुने गरी परिमार्जन गरी लागू गर्नु पर्नेछ ।

**१२. अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्थाः**

(१) प्राधिकरणले बीमा क्षेत्रको सदाचार पद्धतिको कार्यान्वयनको अनुगमन नियमन तथा मुल्याङ्कनको व्यवस्था गर्नेछ ।

(२) प्राधिकरणले बीमकहरुबाट भएको कार्यान्वयन सम्बन्धी प्रतिवेदन र सुझाबहरु अध्ययन गर्नेछ ।

## अनूसूची

<u>सदाचार पद्धति सम्बन्धी शब्दावलीका परिभाषा</u>

(क) “प्राधिकरण” भन्नाले बीमा ऐन, २०७९ बमोजिम स्थापना भएको नेपाल बीमा प्राधिकरणलाई सम्झनु पर्छ ।

(ख) “बीमक” भन्नाले बीमा ऐन, २०७९ बमोजिम जीवन, निर्जिवन, पुनर्बीमा तथा लघुबीमा सम्बन्धी वीमा व्यवसाय गर्ने बीमा कम्पनीलाई सम्झनु पर्छ ।

(ग) “सार्वजनिक काम” भन्नाले नागरिकको हितको लागि प्रत्यक्ष वा परोक्ष रूपमा गरिने काम सम्झनु पर्छ ।

(घ) “नैतिकता” भन्नाले असल नियत राखी नीति नियमका परिधि भित्र रही असल आचरण प्रदर्शन गर्नुलाई सम्झनुपर्छ ।

(ङ) “सदाचार” भन्नाले कानून बमोजिम तोकिएको काम, कर्तव्य र अधिकारको पालना गर्दा व्यक्तिगत स्वार्थ भन्दा पर रही नैतिकता पूर्वक कार्य सम्पादन गर्नुलाई सम्झनु पर्छ ।

(च) “पदाधिकारी” भन्नाले प्रचलित कानून वा सम्वन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै अख्तियारी प्रयोग गर्न पाउने वा हुने कर्तव्य पालन गर्नुपर्ने वा दायीत्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(छ) “कर्मचारी” भन्नाले संस्थागत कोषबाट तलव भत्ता लिने जनशक्तिलाई सम्झनु पर्छ ।

(ज) “भ्रष्टाचार” भन्नाले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून बमोजिम सजाय हुने कसुरलाई सम्झनु पर्छ ।

(झ) “अनुचित कार्य” भन्नाले कानून बमोजिम कुनै पद धारण गरेका पदाधिकारी वा कर्मचारीले जानीजानी वा लापरबाहि साथ कानूनले गर्नु भनेको कार्य नगर्नु र कानूनले नगर्नु भनेको कार्य गर्नुलाई सम्झनु पर्छ ।

(ञ) “अनियमितता” भन्नाले नियम विपरितका क्रियाकलापलाई सम्झनु पर्छ ।

(ट) “स्वार्थ बाझिएको” भन्नाले कानून बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित सरोकार वा स्वार्थ जोडिएका विषय वा निजले गरेको निर्णय वाट आफ्ना नातागोतालाई फाईदा पुग्ने गरी स्वार्थ जोडिएको विषय सम्झनु पर्छ ।